प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

दाङ

☎ ०८२-५६०००४
☎ ०८२-५६३३६९

मिति : २०७८/०९/०१

**सूचना !** **सूचना !!** **सूचना !!!**

**जिल्ला स्तरका लघु, घरेलु तथा साना उद्योगीहरुलाई प्रविधी हस्तान्तरण को प्रस्ताव पेश गर्ने सम्बन्धीको सूचना**

यस कार्यालयको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्लास्तरमा लघु,घरेलु तथा साना उद्यमीहरुलाई प्रविधि हस्तान्तरण आधुनिक प्रविधि भित्राउने उद्योगलाई अनुदान समेत कार्यकम अनुसार यस जिल्लामा नयाँ सिर्जना हुने उद्यमीलाई तालिम अवधी मै र दर्ता भई संचालनमा रहेका लघु, घरेलु तथा साना उद्यमीहरुको स्तरोन्नतीका लागि २०% उद्यमीको लागत सहभागीतामा बढीमा रु.१,००,०००/ (अक्षरुपी एक लाख रुपैंया मात्र) सम्म मेसीन तथा उपकरणहरु हस्तान्तरण गर्ने कार्यकम रहेको हुँदा उक्त कार्यकमा सहभागी हुने उद्यमीहरुले यस कार्यालयबाट प्राप्त हुने निवेदनको ढाँचा अनुसारको फारम, रु.१०० राजस्व बुझाएको नगदी रसीद संलग्न राखी रीतपूर्वकको निवेदन यो सूचना पत्रीकामा प्रकाशित भएको मितिले ३० दिनभित्र (सो दिन विदा परेमा कार्यालय खुलेको अर्को दिन सम्म मात्र) २०७५ श्रावण देखी २०७८ मंसीर मसान्तसम्म दर्ता भएका उद्यमीहरुले तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

- उद्यमीको नागरीकताको प्रमाणपत्रको प्रतिलिपी
- उद्योग दर्ता, नविकरण, अध्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी,
- स्थायी लेखा नम्बर पान वा मूल्य अभिवृद्धि कर भ्याट प्रमाणपत्रको प्रतिलिपी,
- गत आ.व.०७७/०७८ सम्मको कर चुक्ता, , प्यान , भ्याटको प्रमाणपत्र प्रतिलिपी वा म्यादथप कागजको प्रतिलिपी,
- उद्योग व्यवसाय योजना/स्कीम,
- सम्बन्धित विषयमा तालिम वा अनुभवको प्रमाणपत्रको प्रतिलिपी,
- उद्योगको उद्देस्य वमोजिमको मेसीन उपकरण माग गर्नुपर्ने छ सो मेसिनको भ्याट सहितको कुल मूल्य उल्लेख गर्नुपर्नेछ । मेसिन उपकरण को स्फेसिफिकेशन एकिन खुलेको हुनुपर्नेछ । सम्भव भएसम्म मेसिन उपकरण विक्री गर्ने पसलको सामान मूल्यको प्रमाणित कागत समेत पेश गर्नुपर्नेछ ।
- नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट तोकीएको अवधिभित्र कुनै प्रकारको सहुलियत सुविधा वा अनुदान नलिएको भन्ने स्व: घोषणा पत्र ।

नोट:

- ➢ कुनै सरकारी नीकाय वा यस कार्यालयबाट एकपटक प्रविधिको सेवा लिएका उद्यमीहरुको निवेदन स्वीकार्य हुने छैन ।
- ➢ यो कार्यकम ८०% अनुदान र २०% उद्यमीको लागत सहभागितामा हुने भएकोले माग भई स्वीकृत भएको रकमको प्रवीधीमा २०% उद्यमी स्वँयमले व्यहोर्नु पर्ने छ । सो २० प्रतिशत रकम उद्यमीले कोष तथा लेखा नियन्त्रक कार्यालय प्रदेश इकाईको विविध खातामा जम्मा गरेपश्चात मात्र सामान खरीद गरी कार्यालयले हस्तान्तरण गर्ने छ ।
- ➢ निवेदन उद्यमी स्वयम कार्यालयमा उपस्थित भई दिनुपर्ने छ जसको ढाँचा यस कार्यालयबाट निशुल्क प्राप्त हुने छ
- ➢ प्रविधी प्राप्त गरेको मितिले ५ वर्षसम्म अरुलाई हस्तान्तरण वा वितरण गरेको पाइएमा प्रविधी बापत रकमअसुल उपर गर्ने र पुन: प्रविधी उपलब्ध गराइने छैन ।
- ➢ म्याद नाघी आएको र रीत नपुगी आएको निवेदनलाई यस कार्यकममा समावेश गरिने छैन ।
- ➢ प्रविधी हस्तान्तरण गरिने उद्यमीहरुको छनौट लघु, घरेलु तथा साना उद्योग प्रविधी मेसिन, उपकरण हस्तान्तरण कार्यविधि, २०७३ तथा उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालयबाट स्वीकृत कार्यविधी वमोजिम हुनेछ ।
- ➢ अन्य आवश्यक कुरा बुझ्न परेमा यस कार्यालयमा वा फोन नं. ०८२- ५६०००४ मा सम्पर्क गर्नहुन अनुरोध छ

२०७८-९-१

उम बहादुर वली
निमित्त प्रमुख उद्योग अधिकृत